# राजविराज नगरपालीका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी मधेश, प्रदेश, नेपाल

प.स.
च.नं.

विषय : <u>रा.वि.न.पा. वडा नं ७ स्थित लेखनाथ आर्दश पुस्तकालयमा रहेको पसल कवल कोठा भाडामा लगाउने सम्बन्धि</u> ।

पहिलो पटक प्रकाशित मिति :२०७९।०३।१२ गते

## सुचना ।

यस राजविराज नगरपालिका साविक वडा नं. १ हाल वडा नं. ७ स्थित लेखनाथ आर्दश पुस्तकालय ३० कोठा भएको पसल कवल भाडामा लिने इच्छुक व्यवसायी, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७९।०३।१२ गते देखी २०७९।०४।१५ गते सम्म कार्यालय समय भित्र रु. १०००।०० (अक्षरेपी एक हजार)(फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम भरी २०७९।०४।१६ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

**<u>शर्तहरु</u>**

१. कोठा भाडा लिन चाहने व्यवसायी, फर्म, संघ संस्थाले अगाडी रोड साईडको न्युनतम प्रति महिना मासिक भाडा रु ८,०००।००(अक्षरेपी आठ हजार) हुनेछ र भित्र रहेको कोठाको न्युनतम प्रति महिना भासिक भाडा रु ५,०००।०० ( अक्षरेपी रु पाँच हजार) उक्त मासिक भाडा रकम भन्दा बढी रकम कबोल गर्ने व्यवसायी, फर्म, संघ संस्थाले शिलबन्दि कोटेशन स्वीकृतिकोलागी पहिलो प्राथमिक्ता रहने छ । बढी भाडा रकम कबोल गरि आएको आधारमा पसल कबल कोठाको संख्यालाई ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराइनेछ । बढी कबोल गर्ने लाई कोठा छनौटमा पनि पहिलो प्राथमिक्ता दिइने छ ।

२. पसल कवल कोठाहरुका लागी एक व्यापारी एक फर्म वा एक संस्थाबाट १ कोठाको लागी मात्र शिलबन्दी कोटेशन पेश गर्न पाइने छ ।

३. आफुले कबोल गरेको रकमको हुन आउने ५% रकम धरौटी वापत राजविराज नगरपालिकाको रा.बा. बैंक को धरौटी खाता हि.नं. २१८००३०३००००००६ मा जम्मा गरी जम्मा गरेको सक्कलै भौचर शिलबन्दी कोटेशन संगै पेश गर्नु पर्ने छ । व्यवसायी, फर्म, संघ संस्था स्वीकृत भई कबोल गरे अनुसारको सम्झौता नगरेमा उक्त धरौटी रकम जफत गरिने छ ।

४. शिलबनदी कोटेशन स्वीकृत भएको फर्म, संध संस्थाको नाउँमा स्वीकृत भए पछी सम्झौता हुँदा बखत न्युनतम १,५१,०००। (अक्षरेपी रु एक लाख एकावन हजार मात्र) धरौटी जम्मा गर्नु पर्ने हुन्छ ।

५. शिलबन्दी कोटेशनका साथ निवेदकले व्यवसाय प्रमाण पत्रको प्रतिलिपी र फर्म, संघ संस्थाहरु प्रमाण पत्र र चालु आ.व.को नविकरण गरिएको प्रमाण पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी कोटेशन स्वीकृत भएको व्यवसायी, फर्म, संध संस्थाले स्वीकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा प्राथमिक्ता क्रमअनुसार सो भन्दा कम कबोल गरेका लाई नियम अनुसार सम्झौताको प्रकृया अगाडी बढाइने छ ।

७. नेपाल सरकार नगरपालिका वा अन्य संस्थालाई बहालकर लगायतका अन्यकर दस्तुर बुझाउनु परेमा कोठा भाडावालाले नै बुझाउनु पर्ने छ ।

८. नगरपालिकालाई तिर्नुपर्ने बक्यौता भएका, पेश्की लागी फर्छ्यौट नगरेको न.पा. का आदेश निर्देशनको अबहेल्ना गरेको, न.पा. को कालो सुचिमा परेका व्यक्ति, व्यवसमयी वा संस्थाले शिलबन्दी कोटशन पेश गर्न पाउने छैन्न । गरेमा मान्य हुने छैन ।

९. प्रारम्भमा कोठाको प्रति महिना भाँडामा दुई वर्ष सम्म बृद्धि हुने छैन । प्रत्येक दुई बर्ष पछि भाँडाको दरमा १५ प्रतिशत बृद्धि भाडा दर कायम गरिनेछ । लगातार ३ महिनासम्म  भांडा रकम दाखिला नगर्ने व्यवसायी संस्था फर्मको सम्झौता स्वतः रद्द हुनेछ ।

१०. मासिक भाडा बुझाउने समय महिना व्यतित भएको ७ दिन भित्र बुझाउनु पर्ने छ , सो ७ दिन भित्र नबुझाएमा सो ७ दिन पछि ७% ले जरिवाना सहित चालु महिना र वितेको महिनाको भाडा एक मुष्ट बुझाउनु पर्ने छ । सो चालु दोश्रो महिनामा समेत भाडा नबुझाएमा तेश्रो महिनाको सुरु १ गते देखी बाँकी रकम मा १०% ले जरिवाना सहित बाँकी रकम र चालु महिनाको भाडा रकम सहित एक मुष्ट बुझाउनु पर्ने छ । सो न बुझाएमा उक्त कोठा खाली गराउन सक्ने छ ।

११. भाडामा लिएको कोठालाई नोक्सान नहुने गरी आफनो खर्च बाट श्वयम दोश्रो पक्ष भाडादारले सजाउनु पर्ने छ । सो रकम प्रथम पक्ष न.पा. ले व्यहोर्ने छैन भने मिनाहा समेत गर्ने छैन । कोठाको अगाडी खम्बा खुट्टी गारी छाउनी छार्पो समेत लगाउन पाउने छैन सो लगाएमा न.पा. ले तोड फोड गरी हटाउन सक्ने छ ।

१२. कोठा भाडामा उपभोग गर्दाको अवस्थामा जडान गरीएका विजुली धारा टेलिफोन आफनो खर्चबाट भाडादार  दोश्रो पक्षले जडान गर्नु पर्ने छ र सो को महसुल समेत स्वयम दोश्रो पक्षले व्यहोर्नु पर्ने छ ।

१३. रा.वि.न.पा.का. लाई आफनो उपभोगको लागी आवश्यक परेमा दोश्रो पक्षले कोठा खाली गर्नु पर्ने छ ।

१४. आफुले भाडामा सम्झौता गरिलिएको कोठा स्वयमले पसल थापी उपभोग गर्नु पर्ने छ सो कोठा दोश्रो पक्षले अन्य कुनै व्यक्ती, व्यवसायी लाई भाडामा वा अन्य कुनै किसिम संग उपभोग गर्न दिन पाउने छैन । त्यसो गरेको ठहरे न.पा. ले सो व्यक्तीलाई उक्त कोठा बाट हटाई उक्त कोठा बाट बन्चित गरी तपाईको धरौटी रकम जफत गरी बाँकी रहेको रकम कानुनी कारवाही गरी असुल उपर गर्ने र उक्त कोठा न.पा.ले पुन बन्दोबस्त गर्र सक्ने छ ।

१५. भाँडा लिएका व्यवसायी, फर्म वा संस्थाले कोठा छोडन चाहेमा ३५ पैतिस दिन अगावै अनिवार्य सुचना नगरपालिकालाई दिनु पर्नेछ ।  यसरी बिचैमा कोठा छोडने भएमा अग्रीम भाडा रकम बाँकि रहन गए सो र बाँकी रहेको धरौटी रकमको न्युनतम १० प्रतिशत रकम जरिवाना स्वरुप नगरपालिकाबाट फिर्ता दिईने छैन । तर नगरपालिकासंग सम्झौता गरि कोठा लिए पछि कोठा लिएको १ बर्ष अगाडि कोठा छाडि जान पाईने छैन ।

१६. उक्त कोठा भाडामा प्रयोग गर्दा सम्बन्धित संस्था वा व्यवसायीले सम्झौतामा उल्लेख भएको प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ । आफुले भाडा लिई अर्को ब्यक्ति, व्यवसायी वा संस्थाले दिन पाईने छैन । कोठा पजनी (पगडी)

गरेको पाईएमा नगरपालिकाबाट कारवाही गरि स्वत सम्झौता रद्द गरिनेछ । अन्य व्यक्ति वा संस्थाले नगरपालिकाको स्विकृति बिना प्रयोग गर्न पाईने छैन ।

१७. उक्त पसल कबलहरुमा नगरपालिका वा राष्ट्रलाई हानि नोक्सानी हुने वा गैर कानूनी व्यपार व्यवसाय गर्न पाइने छैन ।

१८. निर्माण भएको कोठाको संरचनामा फेरबदल गर्न पाईनेछैन । संरचनालाई फेरबदल गर्नु परेमा नगरपालिकाको प्राविधिक स्विकृति लिई मात्र गर्न सक्नेछ । उक्त पसलकवलमा कुनै पनि किसिमको हानी नोक्सानी गर्न पाईने छैन त्यसो भएमा हानी नोक्सानी भएको असुल उपर गरिनेछ ।

१९. उक्त गिलेशन कोठामा व्यवसाय करको प्रमाण-पत्र अनिवार्य राख्नु पर्ने छ ।

२०. शिलबन्दी कोटेशन फारम नगरपालिकाको राजश्व शाखाबाट रु १०००।०० फिर्ता नहुने गरी दस्तुर तिरी खरिद गर्न सकिने छ ।

२१. रितपूर्वकको शिलबन्दी कोटेशन प्राप्त बोलपत्रहरु यो मिति २०७९।०४।१६ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

२२. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२४. शिलबन्दी कोटेशन स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२५. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।